आज मिति २०८२/१२/२३ गतेका दिन विहान ८:०० वजे यस मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष श्री अर्जुन गुरुङज्युको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी तपशिल वमोजिमका निर्णय गरियो ।

उपस्थिति :

अध्यक्ष :- श्री अर्जुन गुरुङ (अध्यक्ष म. गा.पा.)

उपाध्यक्ष :- श्री जुना माया थापा (उपाध्यक्ष म.गा.पा.)

वडा अध्यक्ष :- श्री रुद्रमान गुरुङ(वडा अध्यक्ष म.गा.पा. १)

वडा अध्यक्ष :- श्री चेत बहादुर गुरुङ(वडा अध्यक्ष म.गा.पा. २)

वडा अध्यक्ष :- श्री दुधमान तामाङ (वडा अध्यक्ष म.गा.पा. ३)

वडा अध्यक्ष :- श्री वल वहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ४)

वडा अध्यक्ष :- श्री घनश्याम घले (वडा अध्यक्ष म.गा.पा. ५)

वडा अध्यक्ष :- श्री मीन राशी गुरुङ (वडा अध्यक्ष म.गा.पा. ६)

वडा अध्यक्ष :- श्री तिल बहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ७)

वडा अध्यक्ष :- श्री धनसिङ तामाङ (वडा अध्यक्ष म.गा.पा. ८)

वडा अध्यक्ष :- श्री हरिशचन्द्र थापा (वडा अध्यक्ष म.गा.पा. ९)

कार्यपालिका सदस्य :- श्री पूर्ण काशी गुरुङ

कार्यपालिका सदस्य :- श्री पूर्ण घले

कार्यपालिका सदस्य :- श्री पारकाशी गुरुङ

कार्यपालिका सदस्य :- श्री मिना कुमारी नेपाली

कार्यपालिका सदस्य :- श्री सोम बहादुर वि.क.

प्रमुख प्रशासकीय अधिकृत :- श्री विज्ञान पौडेल

अन्य उपस्थिति :

प्रशासकीय अधिकृत :- श्री अर्जुन चपाई

लेखा अधिकृत :- श्री मनी राना मगर

ईन्जिनियर :- श्री सुरेश गौतम



Scanned with CamScanner

## मिति २०८२ चैत्र २३ गते बसेको मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकका निर्णयहरु

**निर्णय नं. १ : अघिल्लो बैठकको समीक्षा तथा रिपोर्टिङ सम्बन्धमा ।**

मिति २०८२/११/२६ को मर्स्यांङदी गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठकले गरेको निर्णयहरु कार्यान्वयनको अवस्था बारे यस बैठकमा समीक्षा गरियो । साथै वडाको कार्य प्रगति र वर्तमान अवस्था बारे वडा अध्यक्ष ज्यूहरुबाट रिपोर्टिङ भयो । समीक्षा र रिपोर्टिङ्को क्रममा बैठकमा उठेका विषयहरुमा छलफल भयो ।

**निर्णय नं.२: आ.व. २०८३/८४ को लागि प्रदेश नीति तथा योजना आयोग गण्डकी प्रदेशमा समपुरक र विशेष अनुदान कार्यक्रम प्रस्ताव सम्बन्धमा ।**

प्रदेश नीति तथा योजना आयोग गण्डकी प्रदेशको स्थानीय तहमा आ.व. २०८३/८४ लागि प्रदेश समपुरक अनुदान तथा प्रदेश विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना/कार्यक्रमका लागि प्रस्ताव आह्वान सम्वन्धी सूचना बमोजिम यस मर्स्याङ्दी गाउँपालिकाको निम्न आयोजनाहरु पठाउने निर्णय यस गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकबाट सर्वसम्मतिले निर्णय गरियो ।

तपसिल

१. समपुरक अनुदान तर्फ

| प्राथमिकता न. | योजनाको नाम | आयोजना/कार्यक्रम प्रस्ताव क्षेत्र | कै. |
|---|---|---|---|
| १ | भुलभुले-सिमलचौर-भुस्मे- रिन्टाङ सडक, मर्स्याङ्दी -८ | सडक योजना | |
| २ | नायू - सेने - कलाउवेंसी सडक, मर्स्यांङ्दी -१ | सडक योजना | |
| ३ | बाहुनडाँडा - घेर्मु सडक मर्स्यांङ्दी-६,५ | सडक योजना | |

२. विशेष अनुदान तर्फ

| प्राथमिकता न. | योजनाको नाम | आयोजना/कार्यक्रम प्रस्ताव क्षेत्र | कै. |
|---|---|---|---|
| १ | न्युरी, घेर्मु, खानी, छिच्यु खानेपानी योजना, मर्स्यांङ्दी -५ | खानेपानी योजना | |
| २ | भाचे खानेपानी योजना, मर्स्यांङ्दी -२ | खानेपानी योजना | |
| ३ | सेराफाँट सिँचाई योजना, मर्स्यांङ्दी -९ | खानेपानी योजना | |

पौडेल
प्रमुख प्रशासकीय अधिकृत

अर्जुन गुरुङ
अध्यक्ष

Scanned with CamScanner

निर्णय नं ३: बृहत् कफी खेती कार्यक्रममा रकमांन्तर सम्बन्धमा।

यस मर्स्याङ्दी गाउँपालिकाको चालु आ.व. २०८२/८३ को वार्षिक स्विकृत व्यवसायिक अकबरे खुर्सानी खेती कार्यक्रम, व्यवसायिक फलफूल खेती कार्यक्रम र व्यवसायिक कफी खेती कार्यक्रमका लागि विनिजोजित बजेटमध्ये मागमा आधारित अनुदानको सूचना प्रकाशन गरी, छनौट सम्पन्न भई कार्यसम्झौता भइसकेको, तर तत्पश्चात् पनि धेरै कृषक, कृषक समूह, कृषि फर्मले कफी खेती विस्तारमा इच्छा व्यक्त गरेकोमा, कफी खेतीलाई आवश्यक ८००-१४०० मि. को छहारी भएको उपयुक्त भुभाग, माटो, हावापानी, कफीको बजारिकरण आदिको प्रचुर सम्भावना भएकाले खव्यवसायिक अकबरे खुर्सानी खेति र व्यवसायिक फलफुल खेती कार्यक्रममा बाँकी रहेको तपशिल बमोजिमको एकमुष्ट रकम रु. १२,५०,००० /- (अक्षरुपी बाह्र लाख पचास हजार मात्र) बृहत् कफी खेती कार्यक्रममा रकमान्तर गर्ने निर्णय गरियो। साथै यस बृहत् कफी खेती कार्यक्रमबाट यस वर्ष क्षेत्रफल विस्तार गर्नका निम्ति ८०% अनुदानमा गुणस्तरिय कफीका बेर्ना खरिद गरी वितरण गर्ने यस गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकबाट सर्वसम्मतिले निर्णय गरियो ।

तपशिल:

| क्र.स. | कार्यक्रमको नाम | विनियोजित रकम (रु) | खर्च हुने अनुमानित रकम (रु) | बाँकी रहने अनुमानित रकम (रु) | कैफियत |
|---|---|---|---|---|---|
| १ | व्यवसायिक अकबरे खुर्सानी खेती कार्यक्रम | १५,००,००० | ९,००,००० | ६,००,००० | |
| २ | व्यवसायिक फलफूल खेती कार्यक्रम | २०,००,००० | १३,५०,००० | ६,५०,००० | |
| जम्मा (रु) | | ३५,००,००० | २२,५०,००० | १२,५०,००० | |

निर्णय नं ४: परियोजना कार्यान्वयनको निमित्त अनुमति दिने सम्बन्धमा।

यस मर्स्याङ्दी गाउँपालिका र Local Initiatives for Biodiversity, Research and Development (LI-BIRD) संस्था बिच मिति २०८२/०९/२३ गतेको अनुमति सम्झौता पत्रानुसार **Up scaling Pollination to Enhance Biodiversity and Human Welfare in Nepal** शिर्षकको Nepal Pollinator Project (NPP) सन् २०२५ अक्टोबर देखि २०२९ सेप्टेम्बर सम्म संचालनका लागि यस मर्स्याङ्दी गाउँपालिका वडा नं. १ र २ कार्यक्षेत्रमा मौरिपालन र होमस्टेको सम्भावना भित्र मौरीबाट वनस्पती विविधता, रैथाने बालीमा परागसेचन तथा आय श्रोतमा टेवा पुग्ने हुँदा उक्त कार्यक्रम कार्यान्वयनका लागि यस मर्स्याङ्दी गाउँपालिकाको वडा नं. १ र २ मा परियोजना सञ्चालनका लागि अनुमति दिने यस गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकबाट सर्वसम्मतिले निर्णय गरियो ।

विजय पौडेल
प्रमुख प्रशासकीय अधिकृत



अर्जुन गुरुङ
अध्यक्ष

Scanned with CamScanner

निर्णय नं ५ : सार्वजनिक सुनुवाई सम्बन्धमा ।

मर्स्याङ्दी गाउँपालिकाको आ.व.२०८२/८३ मा मिति २०८२/०४/०१ देखि २०८२/१२/३० सम्म यस गाउँपालिकाको कार्यालयवाट सम्पादन भएका क्रियाकलापहरुको बारेमा सरोकारवालाहरुलाई जानकारी गराउनको लागि यहि मिति २०८३/१/४ गते विहान ११.०० बजे मर्स्यांङ्दी -५, घेर्मुमा गाउँपालिका स्तरीय सार्वजनिक सुनुवाई गर्ने यस गाउँपालिकाको गाउँकार्यपालिकाको वैठकवाट सर्वसम्मतिले निर्णय गरियो ।

निर्णय नं ६ :भवन निर्माण अनुमति सम्बन्धमा ।

मर्स्याङ्दी गाउँपालिकाका निम्न विद्यालयमा शिक्षण सिकाई क्रियाकलापको लागि भवनको अभाव रहेको भनि उक्त विधालयहरुको प्राप्त पत्रनुसार भवन निर्माणको लागि पाहार ट्रस्ट नेपाल, पोखरालाई निम्न विद्यालयहरुको भवन निर्माणको लागि सिफारीस गर्ने साथै त्यस संस्थाको मापदण्ड अनुसार स्थानीय तथा गाउँपालिकाको लागत साझेदारी समेत गर्ने गराउने यस गाउँपालिकाको गाउँकार्यपालिकाको वैठकवाट सर्वसम्मतिले निर्णय गरियो ।

निम्न :

१. महेन्द्रदेव मा.वि., मर्स्याङ्दी -७, तराञ्चे
२. आनन्द देवी प्रा.वि., मर्स्याङ्दी -२, भाचे
३. गंगा मिलन मा.वि., मर्स्याङ्दी -५, घेर्मु

निर्णय नं ७ :सामुदायिक विधालय मर्ज सम्बन्धमा ।

मर्स्याङ्दी गाउँपालिका भित्र न्यून विधार्थी संख्या भएका / विद्यार्थी नभएका सामुदायिक विद्यालयहरुलाई नजिकको पायक पर्ने सामुदायिक विद्यालयहरुमा मर्ज गर्न, विद्यालयको तह घटाउने / वढाउनका लागि आवश्यक मापदण्ड तयार गर्न र स्थालगत अनुगमन गरि स्थानिय सरोकारवालाहरु सग छलफल गर्दै सुझाव सहितको प्रतिवेदन गाउँकार्यपालिकको वैठकमा एक महिना भित्र पेश गर्न तपशिल वमोजिमको समिति गठन गर्ने यस गाउँपालिकाको गाउँकार्यपालिकाको वैठकवाट सर्वसम्मतिले निर्णय गरियो ।

तपसिल

| क्र.स. | नाम थर | पद | कै |
|---|---|---|---|
| १ | तिल वहादुर गुरुङ, सामाजिक विकास समिति संयोजक | संयोजक | |
| २ | घनश्याम घले, वडा अध्यक्ष वडा नं. ५ | सदस्य | |
| ३ | दुधमान तामाङ ,वडा अध्यक्ष वडा नं. ३ | सदस्य | |
| ४ | ऋषिराम श्रेष्ठ | सदस्य | |
| ५ | वसन्त वरुवाल, शिक्षा शाखा प्रमुख | सदस्य सचिव | |